**आकाशवाणी समाचार- नेपाली**
**मितिः ०२ मई २०२६**
**समयः ०७:२५ - ०७:३५ बजे** (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

१. निर्वाचन आयोगले पश्चिम बंगालका १५ मतदान केन्द्रमा आज पुनः मतदान गराउन आदेश दिएको छ।

२. पेट्रोलियम तथा प्राकृतिक गैस मंत्री हरदीप सिंह पुरीले वैश्विक ऊर्जा संकटको अवधि ऊर्जा सुरक्षालाई मजबूत गर्ने प्रयास अन्तर्गत भारतले आफ्नो कच्चा तेलको निर्भरतालाई 27 देशहरूबाट बढाएर 41 देशहरूसम्म बनाएको बताउनुभयो।

३. आन्ध्र प्रदेश, अरुणाचल प्रदेश, हरियाणा, चण्डीगढ, मध्य प्रदेश र छत्तिसगढमा जनगणना २०२७ को पहल अन्तर्गत घर सूची र घर गणना सुरु भएको छ।

४. अमेरिकी राष्ट्रपति डोनल्ड ट्रम्पले पश्चिम एशिया संघर्ष अन्त्य गर्ने इरानको नवीनतम प्रस्तावलाई अस्वीकार गर्नुभयो।

५. आईपीएल क्रिकेटमा दिल्ली क्यापिटल्सले राजस्थान रोयल्सलाई सात विकेटले पराजित गरेको छ।

**निर्वाचन आयोग पुनर्मतदान**

निर्वाचन आयोगले पश्चिम बंगालका १५ मतदान केन्द्रमा आज पुनः मतदान गराउन आदेश दिएको छ। यी मतदान केन्द्रहरूमा मगाहाट पश्चिम विधानसभा क्षेत्रका ११ मतदान केन्द्रहरू र डायमन्ड हार्बर विधानसभा क्षेत्रका चार मतदान केन्द्रहरू समावेश छन्। बिहान ७ बजेदेखि बेलुकी ६ बजेसम्म मतदान हुनेछ। आयोगले सम्बन्धित मतदान अधिकारी र पर्यवेक्षकबाट प्राप्त सूचनाका आधारमा निर्णय गरिएको जनाएको छ। पश्चिम बङ्गाल विधानसभा चुनावको दोस्रो चरणको मतदानमा यी मतदान केन्द्रहरूमा मतदान भएको थियो। प्राप्त जानकारीका आधारमा आयोगले ती मतदान केन्द्रहरूमा भएको मतदान अमान्य घोषणा गरेको छ। आयोगले यस सम्बन्धमा पश्चिम बंगालका मुख्य निर्वाचन अधिकारीलाई पत्र लेखेको छ।

**सर्वोच्च न्यायालय टीमसी**

कलकत्ता उच्च अदालतको आदेशविरुद्ध तृणमूल कांग्रेसको अपिलमा तत्काल सुनुवाइका लागि सर्वोच्च अदालतले विशेष बेन्च गठन गरेको छ। अपिलमा मतगणना केन्द्रका कर्मचारीहरु केन्द्रीय सरकारका कर्मचारीमा मात्र सीमित गरिएको छ। न्यायमूर्ति पी.एस. नरसिंह र न्यायाधीश जयमाल्य बागचीको पीठमा आज बिहान साढे दस बजे सुनुवाई हुनेछ। ४ मे मा मतगणना हुने भएकाले तृणमूल कांग्रेसले तत्काल सुनुवाइका लागि अनुरोध गरेको छ। कलकत्ता उच्च अदालतका न्यायाधीश कृष्ण रावले निर्वाचन आयोगको निर्णयमा अदालतले हस्तक्षेप गर्न नसक्ने भन्दै तृणमूल कांग्रेसले दायर गरेको याचिका खारेज गरिदिएका थिए। त्यसपछि पार्टी सर्वोच्च अदालत पुगेको थियो।

**भारत-क्रूड निर्भरता**

पेट्रोलियम तथा प्राकृतिक गैस मंत्री हरदीप सिंह पुरीले भन्नुभयो- वैश्विक ऊर्जा संकटको अवधि ऊर्जा सुरक्षालाई मजबूत गर्ने प्रयास अन्तर्गत भारतले आफ्नो कच्चा तेलको निर्भरतालाई 27 देशहरूबाट बढाएर 41 देशहरूसम्म बनाएको छ। दक्षिण गुजरातमा भाइब्रेंट गुजरात क्षेत्रीय सम्मेलनमा उहाँले भन्नुभयो-दीर्घकालिक योजनाले संकट प्रबंधनमा महत्वपूर्ण भूमिका निभाएको छ। घरेलू उत्पादनलाई बढ़ावा दिनको लागि श्री पुरीले भन्नुभयो-, रिफाइनरिहरूमा एलपीजीको उत्पादनमा अधिकतम गर्ने आदेश जारी गरिएको छ र घरेलू उत्पादनमा पनि 60 प्रतिशतले वृद्धि भएको छ। 36 हजार मीट्रिक टन प्रतिदिनबाट बढेर 54 हजार मीट्रिक टन प्रतिदिनसम्म पुगेको छ। श्री पुरीले उपभोक्ताहरूलाई वृद्धि भइरहेको वैश्विक मूल्यबाट बचाउनको लागि उठाइएको कदमहरूमा पनि प्रकाश पार्नुभयो।

**गृहमंत्री-प्रदर्शनी**

गृहमन्त्री अमित शाहले हिजो लेहको जीवत्सालमा तथागत बुद्धका पवित्र अवशेष प्रदर्शनीको उद्घाटन गर्नुभयो । यस अवसरमा लद्दाखका उपराज्यपाल वी.के. सक्सेना र केन्द्रीय गृह सचिव सहित धेरै गणमान्य व्यक्तिहरू उपस्थित थिए। तथागत बुद्धका पवित्र अवशेषहरूको प्रदर्शनी यसै महिनाको १४ तारिखसम्म लद्दाखमा आयोजना हुँदैछ।

**जनगणना - 2027**

आन्ध्र प्रदेश, अरुणाचल प्रदेश, हरियाणा, चण्डीगढ, मध्य प्रदेश र छत्तिसगढमा जनगणना २०२७ को पहिलो चरणमा घर सूची र घर गणना सुरु भएको छ। यी राज्य र केन्द्र शासित प्रदेशहरूमा स्व-गणनाको 15 दिनको सूचना अवधि समाप्त भएपछि यो सुरु भएको हो। यो काम ३० मे २०२६ सम्म जारी रहने गृह मन्त्रालयले जनाएको छ। यसअन्तर्गत तालिम प्राप्त गणनाकर्ताहरूले घरदैलो गएर सूचना सङ्कलन गर्नेछन्।

यसैबीच, दिल्ली, राजस्थान, महाराष्ट्र, मेघालय र झारखण्डका नगरपालिका क्षेत्रमा पनि स्वजनगणनाको सुविधा सुरु भएको छ । यो सुविधा १५ मेसम्म अनलाइनबाट उपलब्ध हुनेछ। यसपछि १६ मेदेखि १४ जुनसम्म घरघरबाट जानकारी लिइनेछ। बिहारमा स्वजनगणनाको १५ दिनको अवधि हिजो समाप्त भयो। आजदेखि राज्यमा घर-घर सूची जनगणना सुरु हुनेछ जुन ३१ मेसम्म जारी रहनेछ। स्वगणना सुविधा जनगणना २०२७ मा पहिलो पटक सुरु गरिएको हो। यसले सर्वसाधारणको अपार समर्थन पाएको छ। आधिकारिक पोर्टल se.census.gov.in मा लगभग 82 लाख परिवारहरूले यो सुविधाको लाभ लिएका छन्। यो पहल जनगणनाको डिजिटाइजेशनमा महत्वपूर्ण उपलब्धि हो।

**गोयल-भारत-यूएई सीईपीए**

केन्द्रीय वाणिज्य एवम् उद्योग मन्त्री पीयूष गोयलले चार वर्षअघि लागू भएको भारत-संयुक्त अरब अमीरात-यूएई व्यापक आर्थिक साझेदारी सम्झौता (सीईपीए) ले भारतीय किसानहरू, सूक्ष्म, लघु तथा मध्यम उद्यमहरू र अन्य व्यवसायहरूका लागि परिवर्तनकारी अवसरहरू सिर्जना गरेको बताउनु भएको छ। एक सोशल मीडिया पोस्टमा, श्री गोयलले भन्नुभयो, भारत र संयुक्त अरब अमिरातबिचको द्विपक्षीय व्यापार सम्बन्ध 100 बिलियन अमेरिकी डलरको आँकडा पार गर्दै अझ बलियो भएको छ। सेवा क्षेत्र पनि निरन्तर बढिरहेको छ र नयाँ बजारहरू खोल्दै छ र अधिक मूल्य प्रदान गर्दछ। श्री गोयलले रत्न र आभूषण, इन्जिनियरिङ वस्तुहरू, इलेक्ट्रोनिक्स र कृषि जस्ता प्रमुख क्षेत्रहरूमा विस्तारले मूर्त लाभ दिइरहेको पनि औंल्याउनुभयो। उहाले भन्नुभयो संयुक्त अरब अमीरातबाट आउने प्रत्यक्ष वैदेशिक निवेश र भारतको विदेशी निवेशले दुई देशहरू बीचको बलियो आर्थिक सम्बन्धलाई अझ बलियो बनाउँछ।

**सरकार-पश्चिम एशिया**

सरकारले पश्चिम एसियाको बदलिँदो परिस्थितिमा ऊर्जा आपूर्ति, पानीजहाज सञ्चालन र भारतीय नागरिकहरूलाई सहयोग लगायत सबै क्षेत्रमा निरन्तरता र आवश्यक तयारी सुनिश्चित गर्न सक्रिय रूपमा काम गरिरहेको बताएको छ।

पेट्रोलियम र प्राकृतिक ग्यास मन्त्रालयले एक विज्ञप्ति जारी गर्दै देशभरि एलपीजीको सञ्चय र कालोबजारी रोक्न कारबाही भइरहेको जनाएको छ। हिजो देशभरका २,३०० भन्दा अधिक स्थानहरूमा छापेमारी गरिएको थियो। यसबाहेक औद्योगिक

आधारमा अनलाइन एलपीजी सिलिन्डर बुकिङमा ९८ प्रतिशतले वृद्धि भएको छ भने लगभग 49 लाख 80 हजार घरेलु एलपीजी सिलिन्डर आपूर्ति भएको छ । हिजो ४१ लाख ६० हजार एलपीजी सिलिन्डर बुक भएका थिए । आपूर्ति प्रमाणीकरण कोडमा आधारित आपूर्ति लगभग 93% ले बढेको छ। वक्तव्यमा भनिएको छ, 'हिजो ५ किलोका ७९ हजार एफटीएल सिलिन्डर आपूर्ति गरिएको थियो । व्यावसायिक रुपमा खाना पकाउने ग्यास वितरणमा झण्डै ७० प्रतिशतले वृद्धि भएको छ ।वक्तव्यमा भनिएको छ, 'त्यस क्षेत्रमा रहेका सबै भारतीय नागरिकहरू सुरक्षित छन् र विगत २४ घण्टामा कुनै पनि भारतीय ध्वजावाहक जहाजसँग कुनै घटना भएको छैन। पोत परिवहन महानिदेशालय नियन्त्रण कक्षलाई हालसम्म ८ हजार २ सय फोन कल र १७ हजारभन्दा अधिक इमेल प्राप्त गरेको छ । पछिल्लो २४ घण्टामा ११३ कल र २९५ वटा इमेल आएका छन् ।
विदेश मन्त्रालयको विशेष नियन्त्रण कक्षले पनि भारतीय नागरिक र उनीहरूका परिवारका प्रश्नहरूको जवाफ दिइरहेको जनाएको छ। सरकारले उडानको अवस्थामा सुधार भइरहेको र यस क्षेत्रका विभिन्न स्थानबाट भारतमा थप उडानहरू सञ्चालन भइरहेको आश्वासन दिएको छ। तेहरानस्थित भारतीय दूतावासले दुई हजार ४९० भारतीय नागरिकलाई सडक मार्गबाट इरानबाट बाहिर निकाल्न सहज बनाएको छ ।

**ट्रम्प-ईरान युद्ध**

अमेरिकी राष्ट्रपति डोनल्ड ट्रम्पले पश्चिम एशिया संघर्ष अन्त्य गर्ने इरानको नवीनतम प्रस्तावलाई अस्वीकार गर्नुभयो। इरानले मध्यस्थकर्ताहरूमार्फत आफ्नो संशोधित प्रस्ताव पेश गरेको छ, जसको सरकारी मिडियाले पुष्टि गरेको छ। ट्रम्पले इरानले वार्तामा प्रगति गरेको स्वीकार गरे पनि प्रस्तावित सर्तबाट आफू सन्तुष्ट नभएको बताउनु भयो। पश्चिम एशियाका अन्य भागमा हिंसा बढिरहेका बेला कूटनीतिक गतिरोध सुरु भएको हो । अर्कोतर्फ लेबनानमा एकै दिनमा इजरायली आक्रमणमा ३० भन्दा बढीको मृत्यु भइसकेको छ । गत महिना अमेरिकी मध्यस्थतामा भएको युद्धविराम सम्झौताको उल्लंघनलाई लिएर चिन्ता बढेको छ। दक्षिणी शहर टायरको नागरिक संरचनालाई लक्षित गरी आक्रमण गरिएको थियो। जवाफमा, हेजबुल्लाहले इजरायलको उत्तरी भागमा ड्रोन आक्रमण गर् यो, जसमा धेरै इजरायली सैनिकहरू घाइते भए। लेबनानमा जारी संघर्षमा दुई हजारभन्दा बढी मानिस मारिएका छन् भने एक लाखभन्दा अधिक विस्थापित भएका छन् ।

**नेपाल-बुद्ध पूर्णिमा**

हिजो नेपालमा बुद्ध जयन्ती भव्यताको साथमा पालन गरियो । यस दिन बुद्धको जन्मस्थल लुम्बिनी र नमो बुद्धाये, स्वयम्भूनाथ, बोधनाथजस्ता प्रमुख स्तुपाहरुमा भव्य आयोजना गरियो । यसमा प्रार्थना, बत्ती जलाउने, दान गर्ने र सेतो लुगाको रयाली समावेश छ। बुद्ध पूर्णिमाको अवसरमा काठमाडौँ उपत्यकालगायत अन्य शहरहरूमा सांस्कृतिक कार्यक्रम, बुद्ध उपदेशसम्बन्धी गोष्ठी र परम्परागत संगीतका साथ सामुदायिक जुलुसको आयोजना गरिएको थियो ।

**IPL-CRICKET**

आईपीएल क्रिकेटमा दिल्ली क्यापिटल्सले राजस्थान रोयल्सलाई सात विकेटले पराजित गरेको छ। यो आईपीएल इतिहासमा दिल्ली क्यापिटल्सको सबैभन्दा ठूलो रन चेज हो। यो जितसँगै दिल्लीले सिजनको चौथो जित निकाल्दै अंक तालिकाको छैटौं स्थानमा छ भने राजस्थान १० खेलमध्ये ६ जित निकाल्दै चौथो स्थानमा छ ।आज चेन्नई सुपर किंग्सले मुम्बई इन्डियन्ससँग एमए चिदम्बरम स्टेडियममा प्रतिस्पर्धा गर्दैछ । खेल साँझ ७ः३० बजे सुरु हुनेछ ।